# बसोबासका नियमहरू

住まい方のルール(ネパール語版)

सामूहिक आवासमा आरामदायी रूपमा बसोबास गर्नका निमित्त "बसोबास गर्ने नियमहरू" लाई पालना गर्नु अत्यन्त जरुरी हुन्छ।

## [फोहर फाल्ने तरिका] ゴミの出し方

तपाईं बसोबास गर्नुहुने समुदाय (सहर, नगर वा गाउँ) अनुसार फोहर फाल्ने समय, दिन(बार), स्थान र फोहरको वर्गीकरण फरक-फरक हुन सक्छन्। विस्तृत जानकारीका लागि रियल इस्टेट एजेन्सी अथवा छिमेकमा सोध्नुहोस्।

◆ जाँच गर्नुपर्ने कुराहरू

① जल्ने फोहर र नजल्ने फोहर छुट्टा छुट्टै सङ्कलन गरिएको छ वा छैन।
② पुनर्उत्पादन गर्न सकिने फोहरहरूलाई छुट्टै सङ्कलन गरिएको छ कि छैन र त्यसलाई कसरी बाहिर राख्ने
③ सङ्कलन हुने बार र समय
④ सङ्कलन गर्ने स्थान
⑤ बृहदाकार फोहरलाई कसरी बाहिर राख्ने



जल्ने फोहर




नजल्ने फोहर



पुनर्उत्पादन गर्न सकिने फोहर




बृहदाकार फोहर



*बोतल, क्यान, अखबार, पत्रिका, लुगा, पेट-बोतलहरू नगर पिच्छे फरक-फरक तरिकाले सङ्कलन गरिन्छ।

## [भान्सा प्रयोग गर्ने तरिका] 台所の使い方

आफ्नो भान्सा सधैं सफा राख्नुहोस्।
सिंकमा फोहर वा तेल नफाल्नुहोस्। यसले नालीको पाइप बन्द हुन सक्छ।
उचित प्रशोधन नगरी तेललाई सिंकमा फाल्दा, नदी र समुद्री प्रदूशणको कारण बन्न सक्छ।




*तेल फाल्दा, अखबार आदिको प्रयोग गरी तेललाई सोस्ने र त्यसलाई अरू जल्ने फोहरहरू सँग राखिदिने।


## [हल्ला] 生活騒音（せいかつそうおん）

सामूहिक आवासमा, ध्वनि सजिलै छिमेकी सम्म पुग्छ। त्यसैले हल्ला नगर्ने कोसिस गर्नुहोस्, विशेषगरी अबेर राति र बिहान सबेरै।


◆ यी हुन् हल्ला मानिने केही उदाहरणहरू




टेलिभिजन, रेडियो र CD/क्यासेट प्लेयरबाट निस्किने आवाज



साङ्गीतिक साधनबाट निस्कने आवाज




ठूला आवाजहरू



भ्याक्युम क्लिनर र वासिङ् मेसिनको आवाज




बाथरूममा नुहाउँदा निस्कने पानी बगेको आवाज



ढोका खोल्दा र बन्द गर्दा निस्कने आवाज


## [बाथरूम र टोइलेट] 浴室・トイレの使い方（よくしつ・トイレのつかいかた）

यदि बाथरूम र शौचालयको नाली पाइप जाम भएमा, पानी ओभरफ्लो भएर गम्भीर समस्या उत्पन्न हुन सक्छ। तपाईंको आफ्नो अपार्टमेन्टको नाली पाइप जाम भइ तलको कोठामा केही नोकसानी हुन्छ भने, तपाईंले त्यसको लागि क्षतिपूर्ति भर्नुपर्ने हुन सक्छ।



नालीमा तपाईंको कपाल बग्न नदिनुहोस्।





टोइलेट पेपर


टिस्यु पेपर

स्यानिटरि न्यापकिन्


टोइलेट पेपर बाहेकका अन्य बस्तु टोइलेटमा फ्लस नगर्नुहोस्।

## [बरन्डा] ベランダの使い方

बरन्डामा ओछ्यान सुकाउँदा वा गमला राख्दा, बरन्डाबाट नझर्ने गरी सावधानी पूर्व राख्नुहोस्।
यदि बरन्डा आपतकालीन मार्गको रूपमा प्रयोग गरिएको छ भने, कृपया आफ्ना सामानहरूले सो मार्ग अवरोध नहुने कुरा ख्याल गर्नुहोस्।




बरन्डाबाट कपडा, गमला, आदि नझर्ने गरी सावधानी अपनाउनुहोस्।



आपतकालीन मार्गमा सामानहरू नराख्नुहोस्।

## [साझा ठाउँ] 共用部分の使い方


भऱ्याङ र करीडोर साझा ठाउँ हुन्। भूकम्प वा आगलागीको अवस्थामा,
यी ठाउँहरू आपतकालीन मार्गका रूपमा प्रयोग गरिन्छ।
त्यसैले कृपया आफ्नो सामानहरू नराखि दिनुहोस्।



आफ्नो सामानहरू भऱ्याङ र करीडोरमा नराख्दिनुहोस्।

## [साइकल र कारको लागि पार्किङ्] 自転車置き場・駐車場

कृपया आफ्नो साइकल पार्किङ् लट वा तोकिएको स्थानमा क्रम मिलाएर राख्नुहोस्।
तपाईंको कार छ भने, पार्किङ् स्थान भाडामा लिनु पर्नेछ। सडकमा पार्क गर्न पाइँदैन।





आवतजावत गर्ने मानिसलाई अवरोध नहुने गरी, साइकललाई तोकिएको स्थानमा राख्नु पर्नेछ।


## [सम्झौता पत्रमा जाँच गर्नु पर्ने कुराहरू] 契約書(けいやくしょ)で確認(かくにん)すること

हरेक सामूहिक आवासको कोठा प्रयोग गर्ने आ-आफ्नो नियमहरू हुन्छन्। कृपया सम्झौता पत्र होसियारीसाथ पढ्नुहोस् र तपाईंको आवासमा के के गर्न मनाही छ भन्ने कुरा निश्चित गर्नुहोस्।


◆यी हुन् सामूहिक आवासमा गर्न मनाही हुने सामान्य उदाहरणहरू।




घरपालुवा जनावर राख्न



कोठामा कीला ठोक्न वा रङ्ग लगाउन



सम्झौता पत्रमा उल्लेख नभएको मानिस सँग बसोबास गर्न।




निवासको लागि भनी भाडामा लिएको कोठा अन्य उद्देश्य जस्तै पसल वा अफिसको लागि प्रयोग गर्न।

---

### तपाईंलाई थाहा छ

## च्योउ-नाइ-खाइ वा जिचि-खाइ (स्थानीय सञ्चालक समिति)? 町内会(ちょうないかい)・自治会(じちかい)



जापानमा, हरेक समुदायमा बासिन्दाहरूको आफ्नै सञ्चालक समिति हुन्छ जसलाई च्योउ-नाइ-खाइ वा जिचि-खाइ भनिन्छ। यसले नगरपालिका, सार्वजनिक स्वास्थ्य केन्द्रहरूबाट आउने सूचनालाई बासिन्दाहरू माझ "खाइरान्बान" नामक बुलेटिन मार्फत सर्कुलेट गरि जानकारी प्रवाह गर्ने, अपराध रोकथाम गतिविधि तथा प्रकोप सम्बन्धी तालिम सञ्चालन गर्ने, साथै बासिन्दाहरू बीच चाडपर्वहरू मनाउने जस्ता आदानप्रदान कार्यक्रम आयोजना गर्ने गतिविधिहरू सञ्चालन गर्दछ। यी गतिविधिहरू बासिन्दाहरूको सदस्यता शुल्कबाट व्यवस्थापन गरिन्छ। विदेशी बासिन्दाहरूले पनि च्योउ-नाइ-खाइ वा जिचि-खाइमा सामेल हुन सक्छन्। सदस्यहरूले तपाईंलाई भेट्न आउँदा कृपया विस्तृत जानकारी लिनुहोस्।

विस्तृत जानकारीको लागि: Kanagawa Housing Support Center for Foreign Residents
1-7, Tokiwa-cho, Naka-ku, Yokohama-shi 231-8458 Tel. 045-228-1752